# नेपाल गजेट

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, आषाढ ९ गते २०२२ साल [ अतिरिक्ताङ्क ८

राष्ट्रिय पञ्चायत सचिवालयको

सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको छैठौं अधिवेशनलाई २०२२ साल आषाढ ९ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही--सम्बोधन

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अतिकीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**राष्ट्रिय पंचायतका अध्यक्ष तथा सदस्यहरू,**

जनभावना र आकांक्षा अनुकूल स्थापित पञ्चायत–व्यवस्थाले गरेको प्रगति देख्दा सबै नेपालीलाई खुशी लाग्नु स्वाभाविक हो। प्रजातान्त्रिक र गतिशील समाजको स्थापना गर्ने पञ्चायत-व्यवस्थाको लक्ष्यतर्फ देश दृढतापूर्वक अग्रसर हुँदै गइरहेको छ। यस व्यवस्थाले प्रत्येक नेपालीमा देश र समाजका लागि केही गरुँ भन्ने भावना जागृत गरेको छ। आज नेपालीको अनुहारमा आत्मसम्मान र आचरणमा आत्मविश्वासको भावना झल्केको देख्न सकिन्छ। यो सब यस व्यवस्थाले देशवासीहरूमा उत्पन्न गरेको चेतना र जागृतिको परिणाम हो।

जनसाधारणको जीवनमा प्रभाव पर्ने किसिमका कुराहरूका सम्बन्धमा गरिने निर्णयहरूमा आज जनतालाई बढी मात्रामा र सक्रिय रूपले सम्मिलित गराउँदै जाने आवश्यकता छ। अनि मात्र देशका आन्तरिक साधनहरूलाई स्वेच्छापूर्वक सर्वाधिक मात्रामा परिचालन गर्न सकिन्छ र यसैबाट प्रजातन्त्रको वास्तविक लक्ष्य पनि प्राप्त हुन सक्दछ। यसै उद्देश्यले मेरो सरकारले क्रमिक विकेन्द्रीकरणको नीति अपनाएको छ र यस नीति अनुसार प्रशासन तथा विकाससम्बन्धी अधिकारहरूको विकेन्द्रीकरणको एउटा क्रमबद्ध योजना तयार गरेको छ। यस योजना अनुसार स्थानीय प्रशासन र विकासकार्यमा जनतालाई बढीसे बढी मात्रामा शरीक गराई विकासको गतिलाई बढी तीव्र गरिने छ। देश छिटो स्वावलम्बी हुन सकोस् तथा जनतामा आत्मविश्वास र आत्मनिर्भरताको भावना पनि अझ बढी मात्रामा जागृत हुन सकोस् भन्ने उद्देश्यले यस योजनामा स्थानीय साधनहरूलाई विभिन्न उपायहरूद्वारा परिचालन गर्नेतर्फ विशेष जोड दिइएको छ। यसले गर्दा प्रत्येक नागरिक देशनिर्माणको कार्यमा सक्रिय र इच्छुक सहयोगी बन्नेछ र राष्ट्रनिर्माणको ठोस र बलियो जग बस्न जानेछ। विकेन्द्रीकरणको योजनाको सफलता विभिन्न तहका पञ्चायतहरूको सजगता, सक्रियता,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इमान्दारी र कर्त्तव्यपरायणतामाथि निर्भर गर्दछ भन्ने कुरा पनि कसैले बिर्सनु हुँदैन । यस आर्थिक वर्षमा भक्तपुर जिल्लामा उक्त योजना प्रारम्भ गरिएको छ र आगामी आर्थिक वर्षमा देशका अधिकांश जिल्लाहरूमा योजनाको प्रथम चरण लागू गरिने भएको छ।

पञ्चायत–व्यवस्थाको विकास र सुदृढीकरणको निमित्त विभिन्न तहका पञ्चायत र वर्गीय संगठनहरूको आपसी सहयोग, समन्वय र सक्रियतामा अझ वृद्धि गर्ने उद्देश्यले हाम्रो अध्यक्षतामा एउटा नयाँ राष्ट्रिय निर्देशन परिषद् खडा भएको छ। यसै प्रकार अञ्चलस्तरमा अञ्चल निर्देशन समिति तथा जिल्लास्तरमा जिल्ला निर्देशन समितिहरूको गठन भएको कुरा पनि सबैलाई थाहा नै छ।

अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा सबै राष्ट्रहरू प्रति रहिआएको हाम्रो सुखद सम्बन्ध दिगो र दरिलो हुँदै गएको छ । असंलग्नताको सिद्धान्तको अनुसरण गरी विश्वमा शान्तिपूर्ण वातावरण कायम राखी मित्रराष्ट्रहरूसंग हाम्रो पारस्परिक सद्भावना र सहयोग बढाउन मेरो सरकारको प्रयास चली नै रहेको छ। गत वर्ष कायरोमा भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा हामीले स्वयं भाग लिइबक्सी अन्तर्राष्ट्रिय समस्याप्रति नेपालको दृष्टिकोण विस्तृत रूपमा व्यक्त गरिबक्सेका थियौं। संयुक्त राष्ट्रसंघमाथि नेपालले ठूलो आस्था राखी आएको छ। संयुक्त राष्ट्रसंघको शान्ति कायम राख्ने सम्बन्धको आर्थिक दायित्वमाथि उठेको विवाद हटाउने दिशामा मेरो सरकारले अन्य अफ्रिकी-एशियाली राष्ट्रहरूसंग सम्मिलित भई पञ्च-सूत्रीय योजना पेश गरेको सर्वविदित छ । भियतनाममा घटेको घटनाबारे चिन्तित भई हिन्द-चीनसम्बन्धी १९५४ को सम्झौता अनुसार विनाशर्त कुराकानीद्वारा समस्याको शान्तिपूर्ण राजनीतिक समाधान हुनु पर्ने भनी १७ असंलग्न राष्ट्रहरूले सम्बन्धित सबै पक्षहरूलाई गरेको संयुक्त अपीलमा मेरो सरकार सम्मिलित भएको पनि सबैलाई थाहा नै छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अफ्रो-एशियाली राष्ट्रहरूको एकता सुदृढ गर्न नेपाल क्रियाशील रही आएको छ । यस सन्दर्भमा छोरा नानी श्री ५ युवराजाधिराजको नेतृत्वमा बाण्डुङ सम्मेलनको दशौं वार्षिकोत्सवमा भाग लिन एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल हालै इण्डोनेशिया गएको सबैलाई थाहा नै छ । यसै क्रममा अर्को हप्ता हुने अफ्रिकी-एशियाली शीर्षस्थ सम्मेलनमा पनि मेरो सरकारले भाग लिने भएको छ ।

नेपालका छिमेकी राष्ट्रहरू भारत, चीन र पाकिस्तानसंगको मैत्रीसम्बन्ध तथा पारस्परिक आर्थिक सहयोग अझ सुदृढ हुँदै गएको छ । यस सम्बन्धमा भारतका प्रधानमन्त्री र परराष्ट्रमन्त्री तथा गणतन्त्र चीनका उप–प्रधानमन्त्रीको नेपाल-भ्रमण तथा हाम्रो मन्त्रिपरिषद्का उपाध्यक्षहरूको चीन र भारत-भ्रमण उल्लेखनीय छ ।

यस प्रकारको उच्चस्तरीय भ्रमणको आदान-प्रदानद्वारा छिमेकी राष्ट्रहरूको मैत्रीपूर्ण सम्बन्ध सुदृढ गर्नमा र सद्भावना बढाउनमा ठूलो योगदान भएको छ । अन्य मित्रराष्ट्रहरूसंगको सम्बन्ध पनि सुदृढ र निकट हुँदै गएको छ ।

नेपालको विदेशी राष्ट्रहरूसंगको दिन प्रतिदिन बढ्दै गइरहेको सम्बन्धलाई ध्यानमा राखी अफ्रिकी राष्ट्रहरूसंगको मैत्रीपूर्ण सम्बन्ध अझ सुदृढ एवं विस्तृत गर्नको लागि आगामी आर्थिक वर्षमा मेरो सरकारले अफ्रिकामा एक नयाँ दूतावास स्थापित गर्ने विचार गरेको छ ।

देश भित्र पनि राष्ट्रको सर्वतोमुखी विकास गर्ने कार्यमा मेरो सरकारलाई पर्याप्त सफलता प्राप्त भएको छ । यो वर्ष चालू त्रि-वर्षीय योजनाको अन्तिम वर्ष हो । हाम्रो देशमा आर्थिक विकासको लागि कार्यान्वित गरिएको योजनाबद्ध प्रणालीको यो दोस्रो प्रयास यसै वर्ष अन्त हुन्छ । योजना अन्तर्गत विभिन्न क्षेत्रमा भएको प्रगतिबाट हाम्रो लक्ष्य प्राप्त गर्ने क्षमता धेरै नै बृद्धि भएको छ । देशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक स्थितिमा ३।४ वर्ष अघिको तुलनामा पर्याप्त मात्रामा सुधार भएको कुरा सर्व विदितै छ। कृषि, उद्योग, वाणिज्य, शिक्षा, स्वास्थ्य इत्यादिको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू भएका छन्।

तर, यी सबै उपलब्धिहरू भए तापनि हामीले सन्तोष मानी बस्ने बेला छैन। अझ पनि हाम्रो प्रतिव्यक्ति औसत आय संसारका अरू देशहरूको तुलनामा निम्नतम तहमा छ। देशका बहुसंख्यक जनता कृषिमाथि नै अवलम्बित छन् र कृषिमा उत्पादकत्व ज्यादै कम छ। औद्योगिक उत्पादन अझ कम छ। अज्ञान, गरीबी, विभिन्न प्रकारका रोगद्वारा हाम्रो देशका बहुसंख्यक जनता पीडित छन्। उनीहरूको अवस्थामा सुधार ल्याउन हामीले उत्पादनमा बृद्धि गर्नु परेकोछ। उत्पादनको बढीसे बढी भाग सर्वसाधारण जनतालाई उपलब्ध गराउन परेको छ। शिक्षा, स्वास्थ्य आदिको सुविधामा बृद्धि गर्नु परेको छ। यी काम सजिला छैनन्। सीमित साधनले गर्दा कतिपय वाञ्छनीय कामहरू हामी तुरुन्त गर्न नसक्ने अवस्थामा छौं। तर हतोत्साह हुनु पर्ने कारण छैन। देशको आर्थिक विकास मुख्यतया हाम्रै परिश्रम र साधनमाथि निर्भर गर्दछ भन्ने कुरा हामीले नबिर्सी आफ्नै साधनहरू बढाउनका लागि सतत प्रयत्नशील रहनु पर्दछ।

आर्थिक विकासको गतिलाई तीव्र बनाउनको लागि आगामी आर्थिक वर्षदेखि लागू हुने गरी तेस्रो योजना प्रारम्भ गरिने छ। ५ वर्षको अवधिको यो योजना दोस्रो योजनाभन्दा महत्त्वपूर्ण तथा विस्तृत छ। गैरसरकारी क्षेत्रमा बढी कार्य हुँदै गएको र अझ बढी गराउनु पर्ने दृष्टिकोणबाट गैरसरकारी क्षेत्रलाई पहिलेभन्दा बढी महत्त्वपूर्ण स्थान दिइएको छ। यस योजनामा आगामी १५ वर्षमा राष्ट्रिय उत्पादन दोब्बर गर्ने दीर्घकालीन लक्ष्य अपनाइएको छ। देशको आर्थिक व्यवस्थामा कृषिको स्थान तथा देशको विकासको गति यथा-शक्य चाँडै बढाउन पर्ने कुराको विचार गरी कृषि-विकासलाई सब-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्दा बढी प्राथमिकता दिइएको छ। आर्थिक विकासका लागि चाहिने आधारभूत कुराहरूको चाँडै बृद्धि गर्नको लागि यातायात तथा विद्युत्शक्तिको विकासलाई पनि प्राथमिकता दिइएको छ। उद्योगधन्धाको विकासको लागि गैरसरकारी क्षेत्रलाई आवश्यक सहायता तथा सुविधा प्रदान गरिने छ। साथै जनताको सामाजिक सेवाको विस्तार गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, घरबार आदिको सुविधामा बृद्धि गरिने छ। विकासका लागि तालीमप्राप्त व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राखी तालीमको सुविधामा धेरै बृद्धि गरिने छ। यसका लागि आगामी योजनावधिमा देशमा मेडिकल, इंन्जिनियरिङ्ग तथा कृषि कलेजहरूको स्थापना गरिने भएको छ। मूल्य यथासम्भव स्थिर राख्ने प्रयास अझ बढी मात्रामा गरिने छ। देशविकासको गतिमा तीव्रता ल्याउन पर्ने कुरामा दुई मत हुन सक्दैन। अतः हामीले यस योजनामा निर्धारित गरेका लक्ष्यहरू केही मात्रामा महत्त्वाकांक्षी देखिए तापनि हाम्रो आवश्यकता अनुरूप छन्। यसलाई सफल पार्न हामीले उपलब्ध साधनहरूको अझ राम्रो उपयोग गर्ने क्षमता बढाउनु परेको छ। योजनाजस्तो देशव्यापी कार्यको सफलता कुनै वर्ग वा क्षेत्रमा मात्र भर नपरी सबै सर्वसाधारण जनताको सक्रिय सहयोगमाथि निर्भर गर्दछ।

योजना कार्यान्वयनको निमित्त आन्तरिक साधनहरूको यथाशक्य परिचालन गर्ने मेरो सरकारको नीति छ तापनि आजको देशको आर्थिक अवस्थाको विचार गर्दा देशविकासको निमित्त आगामी केही वर्षसम्म मेरो सरकारलाई विदेशी आर्थिक तथा प्राविधिक सहायताको आवश्यकता परी नै रहने छ। तसर्थ मित्रराष्ट्रहरूबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहायतालाई मेरो सरकारले स्वागत गर्दै जानें छ। प्रशासकीय तथा व्यवस्थामूलक अरू कतिपय सुधारहरूले गर्दा मित्रराष्ट्रहरूबाट प्राप्त सहायताको बढी मात्रामा सदुपयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुँदै गएको छ र आगामी पञ्च वर्षीय योजनाको निमित्त अझ बढी आर्थिक तथा प्राविधिक सहायता विभिन्न मित्रराष्ट्रहरूबाट प्राप्त हुने आश्वासन मेरो सरकारले पाएको छ । हाम्रो विकास कार्यमा यसरी सहयोग दिने सबै मित्रराष्ट्रहरूलाई हामी धन्यवाद नदिई रहन सक्दैनौं ।

देशलाई आर्थिक क्षेत्रमा स्वावलम्बी तुल्याउन मेरो सरकारले हरतरहको प्रयास गर्दै आएको छ । आर्थिक प्रशासनमा आवश्यक सुधार हुँदै गएकोले करको संकलनमा निकै नै दक्षता हासिल भएको छ । साथै समयको मागलाई पूर्ति गर्न आवश्यक उद्योगधन्धाहरूलाई सरकारी क्षेत्रमा स्थापना गरिएका छन् । यी उद्योगधन्धाहरू नाफामा चल्ने व्यवस्था गरिएकोबाट र आन्तरिक साधनहरूको सकेसम्म बढी मात्रामा परिचालन हुँदै गएकोले राजस्वमा थप बृद्धि हुँदै गएको छ । यसरी बढेको आम्दानी र साधारण खर्चतर्फ गरिएको मितव्ययिताले गर्दा त्रि–वर्षीय योजनाका लागि अनुमान गरिएको भन्दा दुई गुना बढी साधन उपलब्ध गर्न सकेको कुरा बहुतै उत्साहबर्द्धक छ।

आगामी वर्षदेखि नयाँ पञ्च–वर्षीय योजना चालू हुने भएकोले यस योजनाको निमित्त अझ बढी मात्रामा आन्तरिक आर्थिक साधनहरू एकत्रित गर्न नितान्त आवश्यक हुन आएको छ । तसर्थ, भइरहेको राजस्वका विभिन्न स्रोतहरूलाई अझ व्यवस्थित गरी विस्तार गर्न आवश्यक कदम मेरो सरकारले उठाउने छ । मेरो सरकारले देशविकासको निमित्त राजस्वमा बृद्धि ल्याउने उद्देश्यको साथै सामाजिक न्यायको आधारमा आर्थिक असमानतालाई क्रमश:हटाउँदै लैजाने दृष्टिले प्रत्यक्ष करमा विशेष जोड दिनेछ । यसै नीतिको आधारमा यी विभिन्न करहरूलाई अझ सरल र प्रगतिशील तुल्याउनको साथसाथै यसको असूलीको व्यवस्थामा पनि सुधार गर्दै जानेछ ।

देशलाई स्वावलम्बी बनाउन आन्तरिक साधनहरूको बढीसेबढी मात्रामा परिचालन गर्ने नीति अनुसार यस वर्ष पनि दीर्घका-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लीन आन्तरिक ऋणहरू सफलतापूर्वक उठाउने काम भएको छ। भविष्यमा पनि यसै गरी यत्रतत्र छरिएका साना ठूला बचत पूंजीहरू विकासकार्यको निमित्त मेरो सरकारले संकलन गर्दै जानेछ। देशभित्र क्रमशः नेपाली मुद्रा मात्र प्रचलनमा ल्याउने नीति अनुसार मेरो सरकारले नेपाली मुद्राको प्रचलनको क्षेत्र सालसालै विस्तार गर्दै जानमा सफल भएको छ। यो काम देशव्यापी नभएसम्म चली नै रहनेछ।

आर्थिक तथा मौद्रिक विकास साथसाथै हुन पर्ने भएको र हाम्रो राष्ट्रको मौद्रिक स्थितिलाई सुदृढ बनाई विकास गर्दै लैजान पर्याप्त मात्रामा बैंकिङ्ग व्यवस्थाको विस्तार हुन आवश्यक भएकोले मेरो सरकारले सरकारी क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकको स्थापना गरेको छ। यसबाट अधिराज्यको कुनाकुनामा क्रमशः बैंकिङ्ग सुविधा उपलब्ध हुन आउनाको साथै नेपाल राष्ट्र बैंकबाट केन्द्रीय बैंकको हैसियतले गरी आएको कामलाई अझ प्रभावकारी तुल्याई बैंकिङ्ग ब्यवस्थाको विस्तार गर्नेतर्फ विशेष रूपलेध्यान दिन सक्ने स्थिति उत्पन्न हुँदै जाने छ।

वस्तुहरूको मूल्यमा हुँदै गएको बृद्धि घटाउनेतर्फ मेरो सरकारको ध्यान गएको छ। हुनत विकासोन्मुख देशमा केही न केही मात्रामा मूल्य बृद्धि हुँदै जानु स्वाभाविक छ। यस सम्बन्धमा यसै आर्थिक वर्षभित्र स्थापना गरिएको खाद्य संस्थानले समयमै खाद्यान्नको सञ्चय गरी सुपथ मूल्यमा अभावग्रस्त क्षेत्रहरूमा बिक्री–वितरण गर्ने व्यवस्था गरेको छ। साथै अरू अल्पकालीन तथा दीर्घकालीन कदमहरू पनि उठाइँदै छन्। नेशनल ट्रेडिङ्ग कम्पनीले पनि विभिन्न दैनिक उपभोगका मालसामानहरूको बिक्री गर्ने कार्य सफलतापूर्वक जारी नै राखेको छ।

देशको कृषि - उत्पादन बढाउने, आर्थिक विकास गर्ने तथा किसानलाई विभिन्न किसिमका दबाबहरूबाट मुक्त गरेर सबैलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रनिर्माणको महान् कार्यमा सक्रिय सहयोगी बनाउने तथा राजनीतिक अधिकारको उपभोगमा अधिकतम व्यक्तिहरूलाई सम्मिलित गर्ने उद्देश्यले प्रारम्भ गरिएको भूमिसुधार योजनामा सन्तोषजनक प्रगति हुँदै गएको छ। मोहीहरूलाई सुरक्षित गराउने, आफ्नो परिश्रमको समुचित फल प्राप्त गराउने तथा शोषण, अन्याय र ऋणको बोझबाट छुट्कारा दिलाउनेतर्फ ठोस उपलब्धिहरू भएका छन्। देशको पूंजीलाई कृषिबाट उद्योगतर्फ क्रमशः लैजाने दिशामा पनि प्रारम्भिक कदमहरू उठाइएका छन्। जग्गाको हदबन्दीको व्यवस्था अन्तर्गत हदबन्दीभन्दा बढी देखिन आएको जग्गा प्राप्त गर्ने दिशामा पनि आवश्यक कदम मेरो सरकारले उठाइरहेको छ। देशलाई स्वावलम्बी बनाउने दिशामा यस कार्यक्रम अन्तर्गत अनिवार्य बचत योजना पनि प्रारम्भ गरिएको छ र यो योजना सफलताका साथ कार्यान्वित भइरहेको छ। यस योजनाको सफलताबाट देश आफ्नो खुट्टामा उभिनेतर्फ अवश्यमेव सफल हुन सक्नेछ भन्ने विश्वास गर्न सकिन्छ। कृषि तथा पञ्चायत-विकास कर उठाई स्थानीय विकासको निमित्त आवश्यक पूंजीको जगेर्ना गरी पञ्चायतहरूलाई स्वावलम्बी बनाउने सम्बन्धमा एउटा गाउँ पञ्चायतमा परीक्षणात्मक कदम उठाइएको छ। यसले देशभित्रका उपलब्ध साधनहरूको परिचालन गर्ने काममा देशलाई क्रमशः बाटो पहिल्याउन प्रशस्त सहायता गर्ने छ। भूमिसुधारको अभियानमा जुन रूपबाट पञ्चायत, वर्गीय संगठन तथा विभिन्न तहका कर्मठ कार्यकर्ताहरूको सक्रिय सहयोग प्राप्त भएको छ, त्यो पञ्चायत–व्यवस्थाको सफलताको द्योतक हो। योभन्दा पनि अझ बढी सक्रिय भै यस काममा सबैले आ-आफ्नो तहबाट सकभर बढी सहयोग दिनेछन् भन्ने आशा र विश्वास मेरो सरकारले राखेको छ। भूमिसुधारको कार्यक्रमको कार्यान्वयनमा यस वर्ष प्राप्त भएको अनुभवको आधारमा मेरो सरकारले यसलाई आगामी आर्थिक वर्षमा अझ बढी जिल्लाहरूमा लागू गर्ने भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषि-उत्पादनमा बृद्धि गर्ने उद्देश्यले भूमिको उर्वरा शक्ति, जलवायु, भौगोलिक स्थितिआदिको आधारबाट अधिराज्यको उत्तरी भेगमा पशुविकास र दुग्धविकास, मध्यवर्त्ती उपत्यका तथा पहाडी इलाकामा फलफूल विकास र तराईका क्षेत्रमा खाद्यान्न बाली तथा औद्योगिक बालीको विकास गर्ने मेरो सरकारको नीति रहेको छ । अध्ययन, अनुसन्धान, तालीम र प्रसारले कृषि विकासको कार्यक्रममा सक्रियता प्रदान गर्दै आएको छ । बसोबासको व्यवस्था पनि सफलतापूर्वक हुँदैछ ।

खाद्यान्न तथा अन्य प्रकारको नगदी बालीको उत्पादनमा यथाशक्य बृद्धि गर्न शुरू गरिएका सिँचाइका आयोजनाहरूमा भएको प्रगति सन्तोषप्रद छ । मेरो सरकारले आगामी वर्षमा विभिन्न जिल्लाहरूमा यस्ता सिँचाइका आयोजनाहरूलाई अझ विस्तृत रूपमा कार्यान्वित गर्नेछ र पहाडी इलाकाका टारहरूमा पनि सिँचाइको व्यवस्था गर्ने योजना बनाउने छ ।

वनसम्पदासम्बन्धी यथार्थ तथ्यहरू पत्ता लगाई यसको वैज्ञानिक तरीकाबाट विकास गराउने उद्देश्यले मेरो सरकारले वनसम्बन्धी योजनाको सञ्चालन गरेको छ । साथै साना साना वनहरूको संरक्षण कार्य तथा वनसम्पदाको संरक्षण, बृद्धि र उपयोग पञ्चायतहरूद्वारा गराउने व्यवस्था मेरो सरकारले गरेको छ र गर्दै जानेछ ।

मेरो सरकारलाई विगत वर्षहरूमा औद्योगिक विकासमा केही ठोस सफलता प्राप्त भएको छ । पुराना उद्योगहरूको प्रशासनमा सुधार ल्याई प्रायः सबै उद्योगहरूलाई नाफामा चल्न सक्ने स्थितिमा पुऱ्याई औद्योगीकरणमा एक नयाँ अध्यायको प्रारम्भ भएको छ । मेरो सरकारको औद्योगिक नीतिको फलस्वरूप गैरसरकारी क्षेत्रमा पनि उद्योगहरूको स्थापना क्रमशः बढ्दै गएको छ । यस सम्बन्धमा नेपाल औद्योगिक विकास कर्पोरेशनले गरेको प्रगति उत्साहवर्द्धक छ । दैनिक उप-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भोगका वस्तुहरू यथाशक्य देशभित्र उत्पादन गर्ने नीति अनुसार विभिन्न उद्योगहरूको स्थापना हुँदैछ । सरकारी क्षेत्रमा चिनी, चुरोट तथा छाला-जुत्ताको उत्पादन प्रारम्भ भइसकेको छ । देशको निर्माणको काममा आधारभूत उद्योगहरू स्थापना गर्न मेरो सरकार सदैव प्रयत्नशील रहेको छ र आगामी योजना अवधिमा सिमेण्ट र कृषि औजार-जस्ता कारखानाहरूको स्थापना गर्ने कार्यक्रम छ ।

नेपालको व्यापारमा अनेकता ल्याउन प्रयास जारी नै छ। समुद्रपार देशहरूमा निर्यात बढाउन विभिन्न किसिमका प्रोत्साहनहरू दिइ-आएको छ । यस सन्दर्भमा अरू केही मुलुकहरूसंग वाणिज्य सन्धि गर्न मेरो सरकारले कारवाइ गर्दैछ ।

देशमा भएको असीमित जलसाधनबाट विद्युत्शक्ति उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकता दिई सुनियोजित जलविद्युत् योजनाहरू तैयार गर्न विस्तृत सर्वेक्षण गर्ने कार्य जारी नै रहनेछ । विभिन्न विद्युत् योजनाहरूबाट अब चाँडै नै विद्युत्शक्ति बढी मात्रामा उपलब्ध हुनेछ र उत्पादनको क्षमताको बृद्धि गर्नाको साथै विद्युत् वितरणपद्धतिमा पनि सुधार गरी विद्युत्सम्बन्धी प्राविधिक तथा प्रशासकीय संगठनलाई सुदृढ गरिने छ ।

मलुकको सर्वतोमुखी विकास र प्रगतिको लागि यातायात तथा सञ्चारको सुप्रबन्ध हुनु अत्यावश्यक भएकोले मेरो सरकारले याता-यात तथा सञ्चारसम्बन्धी योजनाहरूको कार्यान्वियनलाई अग्राधिकार दिंदै आएको छ ।

हाम्रो परिकल्पना र आह्वानमा समस्त जनताले प्रशंसायोग्य सहयोग गरी पूर्व–पश्चिम राजमार्गको निर्माणमा देखाएको कटिबद्धताको फलस्वरूप विभिन्न मित्रराष्ट्रहरूको सहायताबाट यो महत्वपूर्ण राज-मार्गको निर्माण हुने व्यवस्था भएकोमा हामीलाई सन्तोष लागेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय राजमार्गहरूका अतिरिक्त अञ्चल तथा जिल्लाका सदर मुकामहरूलाई जोड्ने अन्य प्रमुख मार्गहरूको निर्माण गर्ने योजनाहरू पनि तैयार भइसकेका छन् । स्थानीय साधन तथा जन-सहयोगको अधिकतम उपयोग गरी जिल्लास्तरमा सडकहरू निर्माण गर्ने पञ्चायतहरूको कार्यक्रमलाई सफलीभूत तुल्याउन मेरो सरकारले यथाशक्य प्राविधिक सहयोग गर्ने व्यवस्था गरेको छ।

मेरो सरकारको नीति अनुसार विभिन्न हवाइ अड्डाहरूको निर्माण र आधुनीकरण गर्ने काममा सन्तोषजनक प्रगति भइरहेको छ । स्थल मार्गहरूद्वारा छिटो जोडिन नसकिने पहाडी केन्द्रहरूलाई हवाइ यातायात उपलब्ध गराउने दिशामा सरकारी तथा पञ्चायतहरूको प्रयासबाट साना विमानघाटहरूको निर्माण भइरहेको छ । देशको एकमात्र एयरलाइन्सलाई विशेष साधनसम्पन्न तुल्याई यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवाहरूको विस्तार गर्ने कार्यक्रमअनुसार काम हुँदैछ।

राष्ट्रिय आर्थिक विकासको आवश्यकताको दृष्टिकोणले यातायात तथा परिवहनको समुचित व्यवस्था गर्न र हाल भइरहेको व्यवस्थामा समन्वय ल्याउन राष्ट्रिय यातायात संगठनको स्थापना गरिएको छ ।

मेरो सरकारले अन्तर्राष्ट्रिय आकाशवाणी सेवा र अन्तर्राष्ट्रिय विमापत्र तथा पार्सल सेवा सञ्चालन गर्न थालिसकेको छ । साथै हुलाक र टेलिफोन सेवालाई अझ बढी दक्ष तथा प्रभावकारी तुल्याई यसको विस्तार गर्ने पनि योजना छ ।

मेरो सरकारले पर्यटकहरूको सुविधाका लागि गरेका विभिन्न कार्यहरूले गर्दा पर्यटकहरूको संख्यामा बृद्धि हुँदै गएको छ । यी सुविधाहरूको विस्तार गर्दै जाने मेरो सरकारको नीति छ ।

मुलुकका विभिन्न स्थानहरूमा भवनहरूको निर्माणकार्य सन्तोषजनक रूपले भइरहेको छ । देशमा भइरहेको निर्माण तथा विकासको गतिलाई अझ तीव्र गर्न मेरो सरकारले तालीम प्राप्त प्राविधिज्ञहरूको संख्यामा प्रशस्त बृद्धि गर्नेछ ।

७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेरो सरकारले शिक्षाप्रसारको कार्यक्रमलाई विशेष प्राथमिकता दिंदै आएको छ। निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षालाई देशभर क्रमशः विस्तार गर्दै जाने कार्यक्रममा मेरो सरकारले विशेष जोड दिनेछ।

माध्यमिक विद्यालयहरूको स्तरमा बृद्धि गर्नेतर्फ ध्यान दिइने छ। बहुउद्देश्यीय विद्यालयहरू स्थापना गर्ने क्रम जारी नै रहने छ। साथै, शिक्षकहरू तालीम गर्ने कार्यक्रममा विशेष ध्यान दिइने छ।

उच्च शिक्षाको व्यवस्थामा सुधार ल्याउन तथा त्यसको स्तरमा बृद्धि गर्न मेरो सरकारले विभिन्न शैक्षिक कार्यक्रमहरूलाई कार्यान्वित गरिरहेको छ। आगामी वर्षमा त्रिभुवन विश्वविद्यालयको सुव्यवस्थामा बढी ध्यान दिइने छ। विज्ञानको पढाइलाई विशेष प्रोत्साहन दिइनेछ र विभिन्न विषयको उच्च अध्ययनको लागि छात्रबृत्तिहरूमा विद्यार्थीहरूलाई विदेश पठाउने क्रम जारी नै रहनेछ।

देशमा भइरहेको निरक्षरता हटाउन विश्वनिरक्षरता उन्मूलन कार्यक्रममा सम्मिलित भई मेरो सरकारले प्रौढ शिक्षालय र ग्रामीण पुस्तकालय स्थापना गरी साक्षरता बढाउने व्यवस्था गर्ने छ।

पुरातत्वको क्षेत्रमा मेरो सरकारले अन्वेषण, अनुसन्धान र उत्खननको कार्यमा जोड दिएको छ। काठमाडौं उपत्यकामा रहेका कलात्मक मूर्तिहरूको प्रथम सर्वेक्षण सम्पन्न भएको छ। नेपाली कला र संस्कृतिको प्रसारको लागि राष्ट्रिय - अन्तर्राष्ट्रिय प्रदर्शनीहरूको आयोजना र नयाँ म्यूजियमहरू स्थापना गर्ने कार्य जारी नै रहनेछ। नेपाली संस्कृति र कलाको उत्थान र विकास गर्ने कार्यमा मेरो सरकार विशेष सजग र प्रयत्नशील छ।

मेरो सरकारको नीति र कार्यहरूका बारेमा जनतालाई विभिन्न उपायहरूद्वारा बोध गराउने दिशा तर्फ मेरो सरकारले बढी मात्रामा ध्यान दिएकोछ र दिंदै जानेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिगत वर्षहरूमा कार्यान्वित गरिएको स्वास्थ सेवाका विभि कार्यक्रमहरूमा सन्तोषजनक प्रगति भएकोछ। यी कार्यक्रमहरूलाई अझै विस्तृत पार्ने मेरो सरकारको नीति छ। विदेशी संस्थाहरूबाट सञ्चालित भएका स्वास्थ्य संस्थाहरूलाई समेत मेरो सरकारले आफ्नो नियन्त्रणमा राखी सबै स्वास्थ्य संस्थाहरूको स्तरमा एकरूपता ल्याउने प्रयत्न गर्ने छ ।

स्वास्थ्य कार्यक्रमहरूमा प्रतिकारात्मक स्वास्थ्य सेवाको कार्यक्रम-लाई मेरो सरकारले प्राथमिकता दिनेछ र संक्रामक रोगहरूको नियन्त्रण तथा निर्मूल गर्न शुरू गरिएका पाइलट प्रोजेक्टहरूलाई अरू विस्तार गरिनेछ । परिवार नियोजनसम्बन्धी प्रारम्भिक कार्यहरू पनि शुरू गरिनेछन् ।

राजधानी र अधिराज्यका विभिन्न जिल्ला तथा पहाडी इलाका-हरूमा स्वच्छ तथा स्वास्थ्यकर खानेपानी सुलभ गराउने योजनाहरू कार्यान्वित गर्ने क्रम जारी नै रहने छ ।

कानूनको आधारमा शासनव्यवस्था खडा गरी देशमा कानूनी राज्य स्थापना गर्ने हाम्रो उत्कट अभिलाषानुसार मेरो सरकारले समयानुकूल आवश्यक व्यवस्थाहरू कायम गर्दै गएको छ । यस सिलसिलामा नेपाल कानून आयोगबाट विभिन्न विषयहरू सम्बन्धी पृथक् पृथक् सर्वाङ्गीण कानूनहरू तैयार हुँदैछन् ।

देशका तमाम जनतालाई न्याय छिटो र सुलभ तरीकाले उपलब्ध गराउने कार्यमा मेरो सरकार सचेष्ट छ। अञ्चल र जिल्लाको आधारमा न्यायप्रशासन सञ्चालन गर्न मेरो सरकारले अदालतका क्षेत्रहरूको पुनः व्यवस्था गरी अञ्चल र जिल्ला अदालत कायम गर्ने सिद्धान्त स्वीकृत गरिसकेकोछ र यो व्यवस्थालाई पूर्णरूपले कार्यान्वित गर्न आवश्यक सबै प्रबन्ध मिलाएको छ ।

७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको प्रशासनयन्त्रलाई बढी सक्षम,सुदृढ र प्रभावकारी बनाउनका लागि मेरो सरकारले विभिन्न कदमहरू उठाएकोछ र उठाउने भएको छ। जिल्ला र अञ्चलका पञ्चायतहरूको इकाइलाई प्रशासनको पनि इकाइ बनाउने मेरो सरकारको नीति छ। यस नीति अनुसार अदालत, माल, पुलिस र केही अन्य विभागहरूको संगठनको रूपरेखामा आवश्यक परिवर्तन हुँदैछ र छिटै बाँकी विभागहरूको संगठन पनि यसै अनुसार मिलाइने भएकोछ। कर्मचारीहरूको कार्यक्षमता र दक्षतामा बृद्धि गर्ने उद्देश्यले मेरो सरकारले हालै उनीहरूको तलबमा निकै बृद्धि गरेकोछ। यसले गर्दा कर्मचारीहरूको उत्साह बढ्न गई प्रशासनको स्तर माथि उठ्न जानेछ। यसका साथै मेरो सरकारले प्रशासनमा बढी शुद्धता ल्याउन कडा कदमहरू उठाउने भएकोछ।

प्रशासनलाई बढी दक्ष बनाउने विचारले मेरो सरकारले कर्मचारीहरूको तालीममा विशेष ध्यान दिएकोछ।विभिन्न सेवाकालीन तालीमको अतिरिक्त यस वर्ष प्रथम पटक प्रशासनसेवाका कर्मचारीहरूलाई पूर्व सेवा तालीमको पनि प्रबन्ध गरिएको छ। एउटा प्रशिक्षण केन्द्रको पनि स्थापना भइसकेको छ। प्रशासनमा सुधार ल्याउने दिशामा तालीमलाई बढ्दो मात्रामा जोड दिंदै जाने मेरो सरकारको नीति हुनेछ।

उत्तर सीमावर्ती क्षेत्रका पिछडिएका जनतालाई बढी सुविधा दिनका लागि मेरो सरकारले केही उत्तरी सीमा प्रशासन क्षेत्रहरू कायम गर्ने भएको छ।

पुलिस संगठनलाई पनि विशेष सक्रिय र प्रभावकारी बनाउन भइरहेको कार्यमा अरू बढी ध्यान दिइने छ।

शाही सेनालाई समय सुहाउँदो गरी आधुनीकरण गर्ने काम चालू नै छ। यसै सिलसिलामा अधिकृत तथा अरू सैनिक कर्मचा-

५६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रीहरूलाई विभिन्न किसिमका तालीम हासिल गर्न विभिन्न देशमा बढी मात्रामा पठाउने प्रबन्ध भइरहेकोछ ।

यस प्रकार, विभिन्न क्षेत्रहरूमा सन्तोषजनक प्रगति र विकास हुँदै गएकोछ। तर भौतिक विकासका विभिन्न कार्यहरूभन्दा बढी महत्त्वपूर्ण मानिस हो । जनतामा आफ्नो कर्त्तव्य, अधिकार र उत्तर-दायित्वको ज्ञान गराई उनीहरूमा सयकडौं वर्षदेखि रहिआएको उदासीनता र नैराश्यको भावना अन्त गरी उनीहरूको दृष्टिकोणमा आमूल परिवर्तन गरी सबैलाई स्वेच्छापूर्वक र सक्रिय रूपले राष्ट्र-निर्माणको काममा शरीक गराउन सकिएमा मात्र देशको वास्तविक विकास र प्रगति भएको मान्न सकिन्छ । यस उद्देश्यले मेरो सरकारले विकेन्द्रीकरण तथा भूमिसुधारजस्ता कार्यक्रमहरूको सञ्चालन गरेको छ ।यी कार्यक्रमहरू पञ्चायत–व्यवस्थाको सफलताका निमित्त आवश्यक र महत्त्वपूर्ण छन् । तसर्थ यी कार्यक्रमहरू तथा देशको सर्वाङ्गीण विकासका लागि तैयार गरिएको आगामी पञ्च–वर्षीय योजनाको सफलताका लागि प्रयत्नशील हुनु सबैको कर्त्तव्य हो । खासगरी राष्ट्रिय पञ्चायतका सदस्यहरूको यस सम्बन्धमा अझ बढी जिम्मेवारी छ भन्ने हामीलाई लागेको छ ।

**जय नेपाल !**

**आज्ञाले–**

**सुन्दरप्रसाद शाह**

**राष्ट्रिय पञ्चायतका सचिव ।**

**श्री ५ को सरकारको छापाखानामा मुद्रित ।**

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।